# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ०३, मिति २०८१ भदौ १९ गते

**भाग– २**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मेडिकल अधिकृतलाई कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने मापदण्ड, २०८१

**प्रस्तावना :**

आ.व. २०८०/०८१ को वार्षिक बजेट वक्तव्यमा कर्मचारीको मनोबल उच्च बनाउन नतिजामूलक कार्यसम्पादन सूचकको आधारमा मेडिकल अधिकृतलाई आधारभूत तलबको बढीमा ५० प्रतिशत, प्रोत्साहन भत्ता गाउँपालिका क्षेत्रको भ्रमणमा दैनिक भ्रमण भत्ता (TADA) नपाउने गरी प्रदान गर्ने भन्ने व्यवस्था बमोजिम यो मापदण्ड बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले जारी गरेको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क. यो मापदण्डको नाम "मेडिकल अधिकृतलाई कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने मापदण्ड, २०८१" रहेको छ।

ख. यो मापदण्ड बौदीकाली गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क. "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिका सम्झनुपर्छ।

ख. "गाउँ कार्यपालिका" भन्नाले बौदीकाली गाउँ कार्यपालिका सम्झनुपर्छ।

ग. "कर्मचारी" भन्नाले बौदीकाली गाउँ कार्यपालिकाको कार्यालय र मातहत कार्यालयमा कार्यरत स्थायी कर्मचारी र सेवा करारका कर्मचारी सम्झनुपर्छ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बौदीकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ङ. "प्रशासन शाखा" भन्नाले बौदीकाली गाउँपालिकाको प्रशासन शाखा सम्झनुपर्छ।

च. "आर्थिक प्रशासन शाखा" भन्नाले बौदीकाली गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनुपर्छ।

छ. "मेडिकल अधिकृत" भन्नाले बौदीकाली गाउँपालिका, वडा नं. २ स्थित रहेको रकुवा प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत सम्झनुपर्छ।

ज. "सुपरिवेक्षक" भन्नाले मेडिकल अधिकृतको हकमा बौदीकाली गाउँपालिका स्वास्थ्य शाखा र बौदीकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

## परिच्छेद -२

## प्रोत्साहन भत्ता उपलब्ध गराउने प्रक्रिया

**३. कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने प्रक्रिया :**

क. यस मापदण्ड बमोजिम कर्मचारीहरुलाई मासिक रुपमा कार्यसम्पादनका आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ख. यस मापदण्ड अनुसार प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुले आफूले गरेको कामको मासिक प्रगति विवरण स्वास्थ्य शाखाबाट प्रमाणित गराई प्रशासन शाखामा बुझाउनु पर्नेछ।

ग. प्रशासन शाखाले मेडिकल अधिकृतको हकमा अनुसूची-१ बमोजिम र नतिजामूलक कार्यसम्पादनमा आधारित अंक प्रदान गर्नेछ।

घ. प्रशासन शाखाबाट प्राप्त अंकका आधारमा यस मापदण्ड बमोजिम आर्थिक प्रशासन शाखाले सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहन भत्ता बैंक खातामा जम्मा गराउनेछ।

ङ. यस मापदण्ड बमोजिम कर्मचारीहरुलाई प्रोत्साहन भत्ता संगै कामकाज तथा तालिम, सेमिनार, गोष्ठी र बैठकमा सहभागी हुँदा दैनिक भरमं भत्ता उपलब्ध गराईनेछ।

## परिच्छेद-३
## विविध

४. यस मापदण्ड बमोजिम प्रोत्साहन भत्ता गाउँपालिकाको आन्तरिक स्रोत (संघ र प्रदेशबाट प्राप्त वित्तीय सशर्त अनुदान वाहेक) बाट प्रदान गरिनेछ।

५. कार्यपालिकाले कर्मचारीहरुलाई कार्यसम्पादनको सिलसिलामा दिएको मार्गदर्शन र सुझावको पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ।

६. कार्यपालिकाले यस मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ।

# अनुसूची-१

**मेडिकल अधिकृत तर्फका स्वास्थ्य प्राबिधिक कर्मचारीहरुको कार्यसम्पदनमा आधारित प्रोत्साहन भत्ता**

स्वास्थ्य संस्था – रकुवा प्राथमिक स्वास्थ्य केन्द्र महिना- स्वास्थ्यकर्मिको नाम थर –

| सी.नं | सुचकको क्रियाकलाप | नतिजा | | | प्रामाणिकरणको आधार | कुल अंक | प्राप्त अंक (नतिजा * कुल अंक ) |
|---|---|---|---|---|---|---|---|
| | | तटस्थ (०.५) | उत्तम (०.७५ ) | अति उत्तम (१ ) | | | |
| १. | महिला स्वास्थ्य स्वयम्सेविका परिचालन तथा सहजीकरण र विभिन्न राष्ट्रिय कार्यक्रम मा सहभागी र विभिन्न सचेतनामुलक कार्यक्रम मा सहयोग र आमा समूह बैठकको अनुगमन | | | | महिला स्वास्थ्य स्वयम्सेविका परिचालन तथा सहजीकरण र विभिन्न राष्ट्रिय कार्यक्रम मा सहभागी भई विभिन्न सचेतनामुलक कार्यक्रम मा सहयोग गरेको प्रतिबेदन र आमा समूह बैठकको अनुगमन प्रतिबेदन | १५ | |
| २. | सार्बजनिक बिदाको दिनमा समेत कार्यालयको duty गरेको | | | | सार्बजनिक बिदाको दिन कार्य गरेको हाजिरी तथा बिरामीलाई सेवा दिएको विवरण उपलब्ध गराउनु पर्नेछ। | १० | |
| ३. | रात्रिकालीन सेवा | | | | रात्रिकालीन सेवा दिएको विवरण उपलब्ध गराउनु पर्नेछ। | ५ | |
| ४. | x-ray सेवा संचालन सुरुवात साथै ग्रामिण ULTRA-SOUND सेवा सुचारु गरेको | | | | x-ray सेवा र ULTRA-SOUND सेवा दैनिक दिनुपर्ने छ साथै सोको विवरण स्वास्थ्य शाखा मा पेश गर्नुपर्ने छ। | ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | कोभिड-१९ खोप को अनुगमन साथै नियमित खोप RE-INFORCEMENT , सरसफाई शेसन नियमितता,खोप केन्द्रको अनुगमन | | | | कोभिड-१९ खोप को अनुगमन साथै नियमित खोप RE-INFORCEMENT , सरसफाई शेसन नियमितता,खोप केन्द्रको अनुगमन गर्नु पर्ने छ। | ५ | |
| ६. | सामुदायिक स्वास्थ्य इकाईको अनुगमन तथा सुपरिबेक्षण | | | | सामुदायिक स्वास्थ्य इकाईको अनुगमन तथा सुपरिबेक्षण गर्नु पर्नेछ। | ५ | |
| ७. | स्वास्थ्य शाखालाई सहजीकरण साथै विभिन्न कार्यक्रममा सहभागी तथा सहजीकरण | | | | स्वास्थ्य शाखा को आयोजना संचालन तालिम,सेमिनार,गोष्ठी मा सहभागी भई आवश्यक सहजीकरण गर्नु पर्ने छ। | २.५ | |
| ८. | क्षयरोग तथा कुष्ठरोग सम्बन्धि उपचार तथा परामर्श | | | | महामारी जन्य रोगहरुको रोकथाम तथा सचेतनामुलक कार्यक्रममा सहभागी भई बिबिध कार्यक्रम संचालन गर्नु पर्ने छ। | २.५ | |
| | | | | | | ५० | |

**भत्ता निर्धारण विधि :**

: प्राप्त अंक/कूल अंक *१०० कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता

: तोकिएको भत्ता रकम * कार्यसम्पादन प्राप्त प्रतिशत

**प्रमाणीकरण मिति : २०८१/०३/०८**

**आज्ञाले,**
**उज्वल बहादुर बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**
**बौदीकाली गाउँपालिका**